**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि महाराष्ट्र, झारखंड र राजस्थान को चार दिने भ्रमणमा रहनु हुनेछ । आज राष्ट्रपतिले मुंबईको लोक भवनमा पी.डी. हिंदुजा अस्पताल द्वारा आयोजित राष्ट्रव्यापी अभियान 'जीवन बचाओ र स्वस्थ भारत बनाओ' को उद्घाटन गर्नुहुनेछ।

- केन्द्र सरकारले हिज नयाँ दिल्लीमा आयोजित छैठौ केंद्रीय स्वीकृति एवं निगरानी समिति को बैठकमा प्रधानमंत्री आवास योजना- शहरी को दोस्रो चरण अन्तर्गत दुई लाख ४४ हजार भन्दा अधिक आवास हरुलाई मंजूरी दिएको छ।

- पश्चिम बंगालका मुख्य चुनाव अधिकारी मनोज कुमार अग्रवालले बताउनु भयो कि सर्वोच्च न्यायालयको निर्देशानुसार राज्यमा विशेष गहन पुनरीक्षण- एसआईआर प्रक्रियाको लागि नियुक्त न्यायिक अधिकारिहरु अथवा न्यायाधीशहरुको प्रशिक्षण पूरा भइसकेको छ।

- मध्यप्रदेश एटीएस (ऐंटी टेररिस्ट स्क्वॉड) द्वारा फर्जी पासपोर्ट बनाउने मामिलामा कोलकाताबाट पक्राउ गरि ल्याइएका 5 अफगानी नागरिकलाई रिमांडमा लिएको छ।

- मौसम विभागले आज बिहान पंजाबमा बाक्लो कुहिरो लाग्ने संभावना व्यक्त गरेकोछ।

**महाराष्ट्र - राष्ट्रपति दौरा**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि **महाराष्ट्र, झारखंड र राजस्थान** को चार दिने भ्रमणमा रहनु हुनेछ । आज राष्ट्रपतिले मुंबईको लोक भवनमा पी.डी. हिंदुजा अस्पताल द्वारा आयोजित राष्ट्रव्यापी अभियान **'जीवन बचाओ र स्वस्थ भारत बनाओ' को** उद्घाटन गर्नुहुनेछ। भोली उहाँले बुलढाणा जील्लाको शेगांवमा केंद्रीय आयुष मंत्रालय द्वारा आयोजित 'राष्ट्रीय आरोग्य मेला 2026' को पनि उद्घाटन गर्नुहुनेछ । यसपछि बुधवार राष्ट्रपति नागपुरमा ब्रह्म कुमारी संस्था द्वारा आयोजित **'एकता र विश्वासको माध्यमबाट महाराष्ट्र का स्वर्णिम युग'** को राज्य स्तरीय शुभारंभ समारोहमा पनि शामेल हुनुहुनेछ।
विहिवार राष्ट्रपतिले झारखंडको जमशेदपुरमा **श्री जगन्नाथ मंदिर** को भूमि पूजन समारोहमा भाग लिनुहुनेछ। यसपछि राष्ट्रपतिले **मणिपाल टाटा मेडिकल कॉलेज** को पनि भ्रमण गर्नुहुनेछ र विद्यार्थिहरुसंग संवाद गर्नुहुनेछ ।शुक्रवार राष्ट्रपतिको राजस्थानको पोखरणमा आयोजित हुने **वायुशक्ति** अभ्यासको अवलोकन गर्ने कार्यक्रम रहेको छ।

**पीएमएवाई-शहरी 2.0**

सरकारले हिज नयाँ दिल्लीमा आयोजित छैठौ **केंद्रीय स्वीकृति एवं निगरानी समिति को** बैठकमा **प्रधानमंत्री आवास योजना- शहरी को दोस्रो चरण अन्तर्गत** दुई लाख ४४ हजार भन्दा अधिक **आवास** हरुलाई मंजूरी दिएको छ।

**आवासन एवं शहरी कार्य मंत्रालय** ले बताए अनुसार नया स्वीकृत आवास 16 राज्य अनि केंद्र शासित प्रदेशहरुमा अनुमोदित गरिएकोछ कि, जसमा आंध्र प्रदेश, अरुणाचल प्रदेश, छत्तीसगढ़, गुजरात अनि जम्मू-कश्मीर शामिल छन्। मंत्रालयले अझ भनेको छ यस योजना अंतर्गत हाल सम्म स्वीकृत आवासहरुको कुल संख्या 13 लाख 61 हजार भन्दा अधिक भएको छ। मंत्रालयले भनेको छ यी स्वीकृतिहरुले आर्थिक रूपले कमजोर वर्ग, निम्न आय वर्ग अनि मध्यम आय वर्गका शहरी परिवारहरुको लागि सम्मानजनक अनि सस्तो आवास उपलब्ध गराउने सरकारको निरंतर प्रतिबद्धतालाई दर्शाउद् छ।

## पश्चिम बंगाल-एसआईआर

पश्चिम बंगालका मुख्य चुनाव अधिकारी मनोज कुमार अग्रवालले बताउनु भयो कि सर्वोच्च न्यायालयको निर्देशानुसार राज्यमा विशेष गहन पुनरीक्षण- एसआईआर प्रक्रियाको लागि नियुक्त न्यायिक अधिकारिहरु अथवा न्यायाधीशहरुको प्रशिक्षण पूरा भइसकेको छ। श्री अग्रवालले संवाददाताहरुलाई बताउनु भयो कि न्यायिक अधिकारी अब आफ्नो काम शुरू गर्नका लागि तयार छन्। एसआईआर प्रक्रियासित जुडेका जटिलताहरुलाई सुलझाउनका लागि निर्वाचन आयोग र न्यायपालिकाका प्रतिनिधिहरुले हिज बैठक गरे। जसको मुख्य उद्देश्य न्यायपालिका द्वारा उठाइएको संदेहहरुलाई हटाउनु थियो| बैठकको प्रमुख उद्देश्य यस प्रक्रियालाई भविष्यको ढांचामा निर्धारित गर्नु रहेको थियो।साथै, अहिलेसम्म गरिएको कार्य र आगामी दिनहरुमा गरिने कार्यलाई अघि बढ़ाउने विधिको संबंधमा एक विशिष्ट दिशानिर्देश पनि तयार गरिएको थियो।यस बीच, कलकत्ता उच्च न्यायालयका मुख्य न्यायाधीश सुजॉय पालले बैठकको अवधि स्पष्ट रूपले भन्नु भयो की सबैले निर्धारित दिशानिर्देशहरुको पालन गर्नु पर्नेछ।

## एसआईआर - कलकत्ता उच्च न्यायालय

कलकत्ता हाई कोर्टका मुख्य न्यायाधीश सुजय पॉलले हिज विशेष गहन पुनरीक्षण (एसआईआर) कार्यको समीक्षाको लागि पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारी अनि वरिष्ठ प्रशासनिक तथा पुलिस अधिकारिहरु सित समन्वय बैठक गर्नु भयो।
बैठकमा राज्यको मुख्य सचिव, गृह सचिव अनि पुलिस महानिदेशक पनि उपस्थित हुनु हुन्थ्यो। लगभग एक घण्टा चलेको यस बैठक पछि मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालले यसलाई "आंतरिक बैठक" बताउनु भयो। श्री अग्रवालले मतदाता सूचीको एस.आई.आरको लागि तयार गरिएको ऑनलाइन पोर्टल माथि न्यायिक अधिकारिहरुको प्रशिक्षण हिज सम्पन्न भएको बताउनु भयो। उहाँले बताउनु भयो, "ओटीपी सित संबंधित केहि प्रारंभिक तकनीकी समस्या थिए, जसको अब समाधान गरिएको छ।"
ज्ञात रहोस 20 फरवरीमा सुप्रीम कोर्टले एक "असाधारण" निर्देश जारी गर्दै एस.आई.आर प्रक्रियामा सहायताको लागि सेवारत अनि पूर्व जिल्ला न्यायाधीशहरुको तैनातीको आदेश दिएको थियो। शीर्ष अदालतले तार्किक विसंगति सूचीमा शामिल तथा मतदाता सूचीबाट नाम काटिएको सामना गरिरहेका व्यक्तिहरुको दावी अनि आपत्तियको निपटाराको लागि न्यायिक अधिकारिहरुको प्रतिनियुक्तिको निर्देश दिएको थियो।

## पांच अफगानी एटीएस रिमांडमा

मध्यप्रदेश एटीएस (ऐंटी टेररिस्ट स्क्वॉड) द्वारा फर्जी पासपोर्ट बनाउने मामिलामा कोलकाताबाट पक्राउ गरि ल्याइएका 5 अफगानी नागरिकलाई रिमांडमा लिएको छ। हीज गरिएको पूछताछमा अफगानी नागरिकहरुले

धेरै गुप्त  राज खोलेका छन् ।कोलकाताबाट पक्राउ गरिएका जिया उर रहमान, सुल्तान मोहम्मद, रजा खान, सैय्यद मोहम्मद अनि जफर खानलाई आइतबार जबलपुर कोर्टमा  पेश गरिएको थियो I उनीहरुलाई 25 फरवरी सम्म पुलिस रिमांडमा पठाइएको छ । पूछताछ अवधि आरोपीहरुले नयाँ नयाँ खुलासा गरि रहेका छन् ।एटीएसको पूछताछमा पत्तो लागे अनुसार अफगान नागरिकहरुले भारतीय पासपोर्ट प्राप्त गर्न शहरमा रहेको मास्टरमाइंड सोहबत खानबाट प्रति व्यक्ति करीब 2 लाख 50 हजार रुपियाको डील भएको थियो । आरोपिहरुले कागजातमा फर्जी ठेगानाको आधारमा पासपोर्ट आवेदन गरेका थिए अनि सत्यापन प्रक्रिया पूरा गरिएको थियो । 5 मध्ये 4 पासपोर्ट जारी भएको छ जसमा 3 पासपोर्ट एटीएसले जफत गरेको छ । एक पासपोर्ट गलत ठेगानाको कारण पासपोर्ट कार्यालय फर्किएको थियो ।

**वनवासी कल्याण उत्सव**

अखिल भारतीय वनवासी कल्याण आश्रमको 43औं वार्षिक उत्सवको अवसरमा हिज कोलकाताको कला मन्दिरमा एक भव्य कार्यक्रम आयोजना भयो । यस अवसरमा आश्रमसँग सम्बद्ध पूर्वांचल कल्याण आश्रमले आदिवासी (वनवासी) समुदायसँगको सहकार्यमा एक विशेष कार्यक्रम आयोजना गर्यो। कार्यक्रमको मुख्य उद्देश्य शिक्षा, स्वास्थ्य, आत्मनिर्भरता र सांस्कृतिक जागरण मार्फत आदिवासी समुदायलाई सशक्त बनाउनु र राष्ट्रिय विकासको मुख्यधारासित जोड्नु थियो ।  कार्यक्रमको अध्यक्षता हरियाणा इन्टरनेशनल स्कूलका अध्यक्ष तथा प्रख्यात उद्योगपति प्रमोद गुप्ताले गर्नु भयो। विश्व हिन्दू परिषद् (विहिप) का केन्द्रिय कोषाध्यक्ष तथा प्रख्यात नेत्र रोग विशेषज्ञ डा. श्याम अग्रवाल प्रमुख अतिथिको रूपमा उपस्थित हुनु हुन्थ्यो। आफ्नो सम्बोधनमा उहाँले बंगालको राजनीतिमा अनुशासन आवश्यक रहेको अनि अनुशासनबाट मात्र समाज कल्याण सम्भव रहेको बताउनु भयो। आफ्नो अध्यक्षीय सम्बोधनमा प्रमोद गुप्ताले पूर्वाञ्चल हुँदै कल्याण आश्रमले वनवासी समुदायको लागि गरिरहेको कामको प्रशंसा गर्नु हुदै उहाँले वनवासी समुदायलाई प्रायः मुख्यधाराबाट अलग मानिन्छ, तर वास्तविकतामा, यो समुदाय सबै गुणहरूले सम्पन्न छ र सांस्कृतिक रूपमा धनी छ भन्नु भयो  । रामायणको एक प्रसंग उद्धृत गर्नु हुँदै, उहाँले बहादुर हनुमानको उदाहरण दिएर भन्नु भयो वनवासी समुदायले धार्मिकता, सत्य र मर्यादाको मार्ग पछयाउँछन् भन्नुभयो ।

**अम्बटे चिया कमान अस्पताल**

खरसाङको अम्बटे चियाया कमानमा अस्पताल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। अम्बटे कमानमा स्थानीयहरुका लागि निर्माण भईरहेको अस्पतालको गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापाले आज निरीक्षण गर्नुभएको छ। उहाँ संग भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रीय महासचिव अमर लामा लगायत अन्य पदाधिकारीहरु र विभागीय अधिकारीहरु पनि उपस्थित रहेका थिए। यस अस्पतालको निरीक्षणएछि पत्रकारहरुलाई सम्बोधन गर्नुहुदै जीटीए प्रमुख अनित थापाले भन्नुभयो, अम्बटेमा निर्माण भएको अस्पतालमा डाक्टर अनी नर्सहरूले आफ्नो कार्य सुरु गररिसकेको छ र यस अस्पतालको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। जीटीएको मुख्य कार्यपाल अनित थापाले राज्यको श्रम मन्त्रालयबाट मन्त्रीले फण्ड पारित गरेकोले अम्बटेमा अस्पताल निर्माण भईरहेको र यस्तो अस्पताल विभिन्न क्षेत्रमा निर्माण भईरहेको बताउनुभएको छ। उहाँले चियाबारी क्षेत्रमा आपतकालीन चिकित्सा सेवा आवश्यक हुन्छ र अम्बटे ठूलो क्षेत्र भएकोले यहाँ अस्पताल बनिनु आवश्यक रहेको थियो र यहाँ अस्पताल राम्रोसित बनेको पनि बताउनुभएको छ।

**स्ट्रिट लाइट र पानीको समस्या विषयमा ज्ञापन**

खरसाङ बजार क्षेत्रमा स्ट्रिट लाइट र पानीको समस्या विषयमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा टाउन कमिटीको एक प्रतिनिधि टोलीले खरसाङ नगरपालिकालाई ज्ञापन दिएका छन्| भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा

टाउन कमिटी खरसाङको मूल सचिव बिरबल पाख्रीन, नगरपालिका क्षेत्रकी चुनाउ प्रभारी तथा महकुमा नारी शक्ति सभापति सबिता कार्की, खरसाङ टाउन कमिटी नारी शक्ति सभापति देवकी प्रधान सुब्बा अनि 28 नम्बर समष्टि नारी शक्ति सभापति सुष्मा मुखियाको अगुवाईमा एक टोलीले हिजो खरसाङ नगरपालिका अध्यक्ष ब्रिगेन गुरूङ र उपाध्यक्ष सुवास प्रधानलाई एक ज्ञापन पत्र बुझाएको छ।
उक्त ज्ञापन पत्रमा नगरपालिका अन्तर्गत विभिन्न वार्डमा स्ट्रिट लाइट र पिउने पानीको समस्या विषयमा उठान गरिएको छ।